# कानेपोखरी गाउँपालिका

# रोजगार रणनीति

## २०८२

कानेपोखरी गाउँपालिका

मोरङ

कोशी प्रदेश

## कानेपोखरी गाउँपालिकाको

# रोजगार रणनीति

## २०८२

## कानेपोखरी गाउँपालिका

### भौंसाबारी, मोरङ

### कोशी प्रदेश

पुस्तकः कानेपोखरी गाउँपालिकाको रोजगार रणनीति, २०८२

प्रकाशकः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय,

भौंसाबारी, मोरङ, कोशी प्रदेश

सर्वाधिकार© : प्रकाशकमा सुरक्षित

संस्करणः पहिलो संस्करण, आषाढ २०८२

# विषय सूचि

**खण्ड –१: रणनैतिक सन्दर्भ** ...... १

**१. पृष्ठभूमि** ...... १

**२. विद्यमान नीतिगत तथा कानूनी व्यवस्था :** ...... २

**३. रोजगार रणनीतिको आवश्यकता / औंचित्य :** ...... २

**४. उद्देश्य** ...... ३

**५. अध्ययन पद्धति** ...... ३

**६. क्षेत्र** ...... ४

**७. सीमा** ...... ४

**खण्ड –२ : वर्तमान अवस्थाको विश्लेषण** ...... ५

**८. रोजगारीको वर्तमान अवस्थाको विश्लेषण** ...... ५

८.१ राष्ट्रियस्तरमा रोजगारीको वर्तमान अवस्था ...... ५

८.२ कोशी प्रदेशमा रोजगारीको वर्तमान अवस्था ...... ५

८.३ राष्ट्रिय लक्ष्य ...... ६

**९. गाउँपालिकाको परिचय** ...... ६

९.१ वडागत जनसंख्या विवरण ...... ७

९.२ उमेर समूहको आधारमा जनसंख्या विवरण ...... ७

९.४ बसाइराइ र विदेशमा रहेको जनसंख्या ...... ८

९.५ अनुपस्थित जनसंख्या ...... ८

**१०. आर्थिक कृयाकलापको अवस्था** ...... ९

१०.१ आर्थिक कृयाकलापमा संलग्नताको अवस्था ...... ९

१०.३ अक्सर आर्थिक रुपमा सक्रिय जनसंख्याको रोजगारीको अवस्था ...... ९

१०.४ आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसंख्या ...... १०

१०.५ संलग्न पेशागत रुपमा जनसंख्या ...... १०

१०.६ मुख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसंख्या ...... ११

१०.७ विदेशमा रहेकाहरूको संलग्ता ...... ११

१०.८ घरेलु तथा साना व्यवसायमा संलग्न घरधुरी संख्या ...... १२

**११. रोजगारीसँग प्रत्यक्ष सम्बन्धित कार्यक्रमहरु** ...... १२

११.१ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्रदान गरिएको रोजगारी सम्बन्धी विवरण ...... १२

११.२ प्रधानमन्त्री रोजगार कार्यक्रममा बजेट तथा खर्चको अवस्था ...... १२

११.३ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत उद्यमी सिर्जना सम्बन्धी विवरण........................१३
११.३ सञ्चालन भएका कृषि सम्बन्धी तालिमहरुको विवरण ........................................................................१३
११.३ कृषि तथा पशु विकास क्षेत्रमा उद्यमी प्रवर्द्धन सम्बन्धी सञ्चालित कार्यक्रमहरू............................................१४
**खण्ड –३ : रणनैतिक विश्लेषण**........................................................................................१५
**१२. गाउँपालिकाको श्रम तथा रोजगारी सम्बन्धित रणनैतिक विश्लेषण** ....................................................१५
१२.१ तथ्याङ्कीय अवस्थाको विश्लेषण ...................................................................................... १५
१२.२ अवसर तथा सम्भावना................................................................................................ १५
१२.३ समस्या तथा चुनौति.....................................................................................................१६
**खण्ड –४ : रणनैतिक सलावहरु**.......................................................................................१७
**१३. गाउँपालिकाका रणनैतिक सवालहरू**..................................................................................१७
**खण्ड –५ : दुरदृष्टि, ध्येय र उद्देश्य** .................................................................................... १८
**१४. दुरदृष्टी**.............................................................................................................. १८
**१५. ध्येय** ................................................................................................................ १८
**१६. उद्देश्यहरू**............................................................................................................ १८
**खण्ड –६ : रणनैतिक लक्ष्यहरू**.........................................................................................१९
**१७. रोजगार रणनीतिको रणनैतिक लक्ष्यहरू** ...............................................................................१९
**खण्ड –७ : प्रमुख रणनीतिहरु**......................................................................................... २०
**१८. रणनीतिक स्तम्भहरू** ............................................................................................... २०
**१९. रणनीति र कार्यनीति** .............................................................................................. २०
**खण्ड –८ : पाँच वर्षको रणनैतिक कार्ययोजना** ...........................................................................२६
**२०. रोजगार रणनीतिको नतिजा खाका**.....................................................................................२६
**२१. पाँच वर्षको रणनैतिक कार्ययोजना** .................................................................................. २९
**खण्ड – ९ : स्रोत परिचालन र बजेट व्यवस्थापन** .........................................................................४४
**२२. स्रोत परिचालन र बजेट व्यवस्थापन** ..................................................................................४४
**खण्ड –१० : रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था**..........................४४
**२३. रणनीति कार्यान्वयन निर्देशक समिति** ..................................................................................४४
**२४. रणनीति कार्यान्वयन निर्देशक समितिको काम, कर्तव्य र अधिकार**.....................................................४४
**खण्ड –११ : जोखिम व्यवस्थापन** ....................................................................................... ४५
**२५. जोखिम व्यवस्थापन** ................................................................................................. ४५

**तालिकाहरु**

तालिका नं. १: वडागत जनसंख्याको विवरण ........ ७
तालिका नं.२ : उमेर समूहको आधारमा जनसंख्या ........ ७
तालिका नं.३ : बसाइराइ र विदेशमा रहेको जनसंख्या ........ ८
तालिका नं.४ : अनुपस्थित जनसंख्या ........ ९
तालिका नं.५ : आर्थिक कृयाकलापमा संलग्नताको अवस्था ........ ९
तालिका नं.६ : अक्सर आर्थिक रुपमा सक्रिय जनसंख्याको रोजगारीको अवस्था ........ ९
तालिका नं.७ : आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसंख्या ........ १०
तालिका नं.८ : संलग्न पेशागत रुपमा जनसंख्या ........ १०
तालिका नं.९ : मुख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसंख्या ........ ११
तालिका नं.१० : विदेशमा रहेकाहरूको संलग्ता ........ ११
तालिका नं.११ : घरेलु तथा साना व्यवसायमा संलग्न घरधुरी संख्या ........ १२
तालिका नं.१२ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्रदान गरिएको रोजगारी सम्बन्धी विवरण ........ १२
तालिका नं.१३ : प्रधानमन्त्री रोजगार कार्यक्रममा बजेट तथा खर्चको अवस्था ........ १३
तालिका नं. १४ : उद्यमी सिर्जना सम्बन्धी विवरण ........ १३
तालिका नं.१५ : सञ्चालन भएका कृषि सम्बन्धी तालिमहरुको विवरण ........ १३
तालिका नं.१६ : कृषि तथा पशु विकास क्षेत्रमा उद्यमी प्रवर्द्धन सम्बन्धी सञ्चालित कार्यक्रमहरू ........ १४

# खण्ड -१: रणनैतिक सन्दर्भ

## १. पृष्ठभूमि

नेपालको संविधानले सम्मानपूवक बाँच्न पाउने गरी सामाजिक संरक्षण तथा श्रम र रोजगारीको हकको व्यवस्था गरेको छ। श्रमको उत्पादकत्व अभिवृद्धि र प्रभावकारी व्यवस्थापनबाट उत्पादनशील रोजगारी, मर्यादित काम र दिगो सामाजिक सुरक्षा सुरक्षित गरी मानव जीवन-चक्र जोखिमको न्यूनीकरण, तिव्र आर्थिक वृद्धि र सामाजिक न्यायसहितको समावेशी विकासबाट गरीबी घटाउन सकिन्छ । देशको विद्यमान जनसङ्खिक लाभलाई अधिकत्तम उपयोग गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न श्रम बजारको आवश्यकता अनुसारका नवीन् प्रविधिमैत्री, दक्ष, सीपयुक्त, कर्मशील, प्रतिस्पर्धी श्रमशक्तिको उत्पादन र परिचालन मार्फत राष्ट्रिय उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिन्छ ।

दिगो आर्थिक विकास र गरीबी न्यूनीकरणको मुख्या आधार नै उत्पादनशील रोजगारी हो । उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउनँछ र बेरोजगारी तथा न्यून रोजगारीलाई कम गर्दछ । हरेक नीति निर्माताहरूले आ-आफ्ना प्रमुख नीतिगत विषयवस्तु तथा विकास रणनीतिका रुपमा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारीलाई अघि सार्नु पर्दछ । रोजगारीसँग अन्तर-सम्बन्धित प्रवृतिलाई सम्बोधन गर्न विस्तृत नीतिगत संरचना निर्माण गर्न आवश्यक छ ।

श्रम तथा रोजगारी अन्तरसम्बन्धित विषय भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारकी क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने देखिन्छ । देशमा उपलब्ध आन्तिरक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिहरूलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सृजना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा नेपाली बेरोजगार व्यक्तिहरू नै संलग्न हुने अवस्था रहन्छ ।

मुलुकभित्र मर्यादित श्रमको लागि आन्तरिक रोजगारी प्रवर्द्धन र असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने, श्रमिकको हकहित एवं पेशागत सुरक्षा प्रदान गर्ने, मर्यादित बनाउने वातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वय, वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने लगायतका कार्यक्रमहरु संघीर सरकारको तर्फबाट सञ्चालन भईरहेका छन् । यस स्थानीय तहमा आन्तरिक रोजगारीका सम्भावित अवसरहरू सिर्जना गर्नमा मुख्यगरी कृषि तथा पशुपालन निर्माण सेवा उत्पादन पर्यटन क्षेत्रको भूमिका रहन्छ । उक्त क्षेत्रमा स्थानीय तहको हालसम्मको लगानीको अवस्थाको आँकलन गर्नु पर्दछ । नीति, कार्यक्रम तथा वजेट निर्माण गर्दा स्थानीय तहले प्राथमिकताको क्षेत्र निर्धारण गरी ति क्षेत्रहरूमा उपलब्धी हासिल गर्न आवश्यक नीतिगत व्यवस्था गरी बजेटको विनियोजन गर्नु पर्दछ ।

शिक्षाको माध्यमबाट नै स्थानीय, राष्ट्रिरय र अन्तर्राष्ट्रिरय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने सीपयुक्त दक्ष, सक्षम, प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने काम गर्छ । प्राविधिक र जीवनोपयोगी शिक्षाको कमीका कारण देशमा सीपयूक्त जनशक्तिको पर्याप्तता हुन नसकेको हो । हाल नेपालका स्थानीय तहहरुले प्राविधिक तथा ब्यवसायीक शिक्षाको विस्तारमा प्राथमिकता दिएका कारण प्राविधिक धारका शिक्षालयहरु स्थापना भएका र छोटो अवधिका रोजगारीसँग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ ।

स्थानीय तहमा सरकारी, निजी, सहकारी तथा गैरसरकारी संस्थाहरुको संयुक्त प्रयास र लगानीबाट समग्र अर्थतन्त्रमा स्थायित्व कायम भई उच्च दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकार लगायत स्थानीय सरकार उत्तिकै कृयासील हुन आवश्यक छ । समग्र आर्थिक विकासका लागि आयआर्जन, रोजगारी तथा उत्पादन वृद्धि गरी गरीबी न्यूनीकरण गर्न स्थानीय तहको छुट्टै रोजगार रणनीति आवश्यक भएको छ । यसै सन्दर्भमा स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने कार्यमा सहयोग गर्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८०'मा आधारित रही कानेपोखरी गाउँपालिकाको रोजगार रणनीति तयार गरिएको छ ।

## २. विद्यमान नीतिगत तथा कानूनी व्यवस्था :

### २.१ संवैधानिक व्यवस्था

संविधानको धारा ३३ मा रोजगारीको हक सम्बन्धी व्यवस्था गरी प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएको छ। धारा ३४ मा प्रत्यक नागरिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक बारेमा उल्लेख गरिएको छ। यसैगरी संविधानको धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रेहेको श्रम शक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकार प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ। साथै संविधानको धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राज्यले असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवहार गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ।

### २.२ नीतिगत व्यवस्था

रोजगार सम्बन्धी नीतिगत व्यवस्था देहायमा उल्लेखित नीतिहरुमा उल्लेख गरिएका छन्।

- राष्ट्रिय रोजगार नीति, २०७१
- वैदेशिक रोजगार नीति, २०६८

### २.३ कानूनी व्यवस्था

रोजगार सम्बन्धी नीतिगत व्यवस्था देहायमा उल्लेखित ऐन, कानुन, नियमावली, निर्देशिका, कार्यविधि तथा आवधिक योजनाहरुमा उल्लेख गरिएका छन्।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- रोजगारको हक सम्बन्धी ऐन र नियमावली, २०७५,
- वैदेशिक रोजगार ऐन र नियमावली, २०६४,
- श्रम ऐन २०७४ र नियमावली ,२०७५,
- सामाजिक सुरक्षा ऐन, २०७४ र नियमावली, २०७५,
- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ५ वर्षे रोजगार रणनीति योजना (२०७९/८० - ०८३/८४)
- एकिकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०,
- सोहौं योजना (२०८१/८२ – २०८५/८६)
- कोशी प्रदेश, दोस्रो आवधिक योजना (२०८१/८२ – २०८५/८६)

## ३. रोजगार रणनीतिको आवश्यकता/औचित्य :

रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाहरुको पहिचान, समस्याहरूको निदान र रोजगारी सिर्जनाका नविनतम उपाय एवं विधिहरूको विकास गर्न सहयोग पुग्दछ। यस स्थानीय तहको आवधिक योजना र वार्षिक कार्यक्रमहरूले परिलक्षित गरेका लक्ष्यहरू बिचमा तादम्यता स्थापना गरी विद्यमान समास्याहरूको उजागर र चुनौतिहरुको आँकलन गर्दै विगतदेखि वर्तमानसम्म हाँसिल भएका उपलब्धी, आगामि दिनमा सम्पादन हुने समयसापेक्ष रुपमान्तरण गर्न र श्रम तथा रोजगारी क्षेत्रमा दीर्घकालीन सोच सहितको रणनीति लगायत यस रोजगार रणनीतिको आवश्यकता र औचित्य देहाय बमोजिम रहेका छन्।

१. श्रम तथा रोजगार सम्बन्धी दीर्घकालीन राष्ट्रिय सोच, लक्ष्य प्राप्तिका लागि तहगत सरकारबाट तर्जुमा गरिएका कार्यक्रमहरु बिच सामनञ्जस्यता कायम गर्न

२. स्थानीय तह भित्र मर्यादित रोजगारीको लागि उद्यमशीलताको विकास र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने

३. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने

४. श्रम र वैदेशिक रोजगार सम्बन्धी सेवालाई जवाफदेही पारदर्शी जनमुखी प्रविधिमैत्री र नतिजाउन्मुख बनाई सुशासन प्रवर्द्धन गर्न ।

५. प्रदेश, संघ र स्थानीय तह बिच समन्वय, सहकार्य एवं सहयोगको क्षेत्रहरूको पहिचान गरी अन्तर सरकारी सम्बन्धलाई प्रभावकारी तुल्याउने रणनीति तथा कार्यनीति तय गर्न ।

## ४. उद्देश्य

यस स्थानीय तहले स्थानीय रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएपछि संघीय सरकारको रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउँदै यस स्थानीय तहले देहाय बमोजिमका नतिजाहरु प्राप्त गर्न सक्षम हुने छन् ।

१. स्थानीय तहमा रहेका सीप विकास, उद्यमशिलता र रोजगारीको तथ्याङ्क संकन र विश्लेषण गरी अवसरको पहिचान गर्ने ।

२. स्थानीय मान र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गेर्ने ।

३. श्रम बजारको माग बमोजिम जनशक्तिको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने ।

४. स्थानीय तहमा दक्ष, प्रतिष्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास गर्ने ।

५. स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगारी, सिर्जना उद्यमशीलता प्रवर्द्धन, रोजगारीमा पदस्थापन, स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई दिइने सेवा, वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक रुपमा पुनःस्थापना तथा पुनःएकीकरण सेवा लगायतका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने ।

## ५. अध्ययन पद्धति

कानेपोखरी गाउँपालिकाको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क संकलन प्राथमिक र द्वितीय गरी दुबै किसिमबाट संकलन गरिएका छन् । जनसांख्यिक तथ्याङ्कहरु राष्ट्रिय जनगणना २०७८ बाट साभार गरिएका छन् भने श्रम तथा रोजगार सम्बन्धी तथ्याङ्क नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४ लाई आधार लिइएको छ । स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० ले निर्धारण गरेको अनुसूचि २ र ३ मा उल्लेखित प्रश्नावलीहरु प्रयोग गरी सरोकारवाला निकाय तथा व्यक्तिहरूबाट प्राथमिक तहको सूचना र जानकारीहरू संकलन गरिएका छन् । आम नागरिक, बेरोजगार व्यक्ति, उद्यमी र रोजगारदाताहरुको सल्लाह सुझाव संकलन गर्नका लागि गुगल फर्म विकास गरी सोको लिंक र क्युआर कोडको माध्यमबाट संकलन गएको छ । स्थानीय तहभित्रको रोजगारको अवस्था र सम्भावनाहरु स्थालगत अध्ययन गरी जानकारी संकलन, प्रश्नावलीका आधारमा अन्तरवार्ता गरी सोको अभिलेख राखी तथ्याङ्क तथा जानकारीहरूको अध्ययन र विश्लेषण गरिएका छन् । यस क्रममा रोजगारदाता, व्यवसायी, उद्यमी, कृषक, मजदुर, बेरोजगार व्यक्ति र जानिफकार व्यक्तिहरूसँग भेटघाट गरी छलफल गरिएका छन् । यसैगरी निजि क्षेत्र र सामाजिक क्षेत्रका व्यक्तिहरूसँग रोजगारीको वर्तमान अवस्था समस्या चुनौति र समाधानका उपायहरूका बारेमा छलफल गरिएका छन् । यस स्थानीय तहका रोजगारसँग सम्बन्धित शाखाका कर्मचारीहरूसँग विद्यमान कार्यक्रमका उपलब्धी, समस्या, चुनौति र यस रोजगार रणनीतिमा उल्लेख गर्नु पर्ने वियहरूका बारेमा छलफलहरू गरिएका छन् ।

द्वितीय तथ्याङ्कको स्रोतको रुपमा नेपालको संविधान, संघीय, प्रादेशिक तथा स्थानीय ऐन, नियमावली, निर्देशिका, कार्यविधिहरूमा भएका व्यस्थाहरूलाई आधार लिइएका छन् । यसैंगरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, वैदेशिक रोजागार विभाग, वैदेशिक रोजगार बोर्ड लगायतका निकायहरूको रोजगारीसँग सम्बन्धित विवरण, जानकारी, सिकाई तथा उपलब्धीहरूलाई एकिकृत गरी गुणात्मक विधिमा आधारित भएर रोजगार रणनीति तयार गरिएको छ ।

## ६. क्षेत्र

यस स्थानीय तहमा रोजगार प्रवर्द्धनको लागि देहायका क्षेत्रहरुलाई समेटिने छन्।

१. **कृषि**: कृषि बाली, तरकारी खेति, जडिवुटी खेति, पशुपालन, मत्स्य पालन, कुखुरा पालन आदि।
२. **व्यापार व्यवसाय** : खुद्रा तथा थोक व्यापार, सेवामूलक तथा परामर्श सम्बन्धी व्यवसाय, निर्माण व्यवसाय, यातायात सम्बन्धी व्यवसाय आदि।
३. **पर्यटन**: होटल तथा रेस्टुरेन्ट, होमस्टे आदि।
४. **उद्योग**: साना तथा घरेलु उद्योग, स्थानीय तहमा सञ्चालित उद्योग कलकारखाना आदि।
५. **यातायात**: साना यातायात साधन ठूला यातायात साधन सञ्चालन आदि।
६. **निर्माण क्षेत्र**: भवन, सडक तथा विकासका पूर्वाधारहरू आदि
७. **संघ संस्था**: नीजि विद्यालय, गैरसरकारी संस्था, निजी संस्था आदि।
८. **सूचना प्रविधि**: कम्प्युटर, कृतिम वौद्धिकता आदि।
९. **वित्तीय क्षेत्र** : सहकारी, लघुवित्त तथा बैंक आदि।

## ७. सीमा

नेपालको संविधान रोजगार सम्बन्धी ऐन, नियम, नीति लगायत यस स्थानीय तहले अपनाएको नीति तथा कानूनहरू अध्ययनमा आधारित रही यस स्थानीय तहको क्षेत्रभित्रका स्थानीय स्रोत साधन, सामाजिक तथा आर्थिक अवस्था, भौगोलिक परिस्थिति र स्थानीय स्तरमा रोजगारी सृजनाका अवस्था र अवसरहरूको अध्ययन यस रणनीतिको सीमा रहेको छ।

# खण्ड -२ : वर्तमान अवस्थाको विश्लेषण

## ८. रोजगारीको वर्तमान अवस्थाको विश्लेषण

### ८.१ राष्ट्रियस्तरमा रोजगारीको वर्तमान अवस्था

नेपालको राष्ट्रिय जनगणना, २०७८ का अनुसार काम गर्ने उमेर समूहको जनसंख्या (१५ वर्ष वा सो भन्दा बढी उमेर समूहको जनसंख्या) कूल जनसंख्याको ७१.१ प्रतिशत रहेको छ । काम गर्न सक्ने उमेरको जनसंख्या महिला ५५.६ प्रतिशत र पुरुष ४४.४ प्रतिशत रहेको छ । नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४ का अनुसार नेपालको कूल श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ । त्यसमा पनि पुरुषको दर ५३.८ प्रतिशत छ भने महिलाको दर २६.३ प्रतिशत मात्र रहेको छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ । । श्रमशक्तिभन्दा बाहिर कूल ६१.५ प्रतिशत जनसंख्या रहेको छ । श्रमशक्तिभन्दा बाहिर रहेने पुरुष ४६.२ प्रतिशत र महिला ७३.२ प्रतिशत रहेको छ ।

नेपालको कूल काम गर्न सक्ने जनसंख्या (१५ वर्ष वा सो भन्दा बढी उमेर समूह) को ३४.२ प्रतिशत जनसंख्या रोजगारीमा संलग्न रहेका छन् । कूल रोजगारमा संलग्नमध्ये पुरुष ६२.७ प्रतिशत र महिला ३७.३ प्रतिशत रोजगारमा संलग्न रहेका छन् । बसोबासका आधारमा रोजगारीमा रहेका जनसंख्या हेर्दा सहरी क्षेत्रमा ६९.२ प्रतिशत र ग्रामीण क्षेत्रमा ३०.८ प्रतिशत रहेको छ ।

नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । पुरुष बेरोजगारी दर १०.३ र महिलाको बेरोजगारी दर १३.१ प्रतिशत रहेको छ । कोशी प्रदेश स्तरमा वेरोजगारी दर पुरुषमा ९.१ प्रतिशत र महिलामा ११.९ प्रतिशत रहेको छ । यसैगरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ । श्रमको अल्पउपयोग दर ३९.३ प्रतिशत रहेको छ । लिङ्गको आधारमा हेर्दा यो दर पुरुषको ३२ र महिलाको ४८.८ प्रतिशत रहेको छ ।

मुख्य काममा अक्सर काम गर्ने समय (Usual hours of work) हप्तामा ४४ घण्टा रहेको छ जसमा पुरुषको ४८ घण्टा र महिलाको ३९ घण्टा रहेको छ । रोजगारमा संलग्न भएको जनसंख्यालाई औपचारिक र अनौपचारिक क्षेत्रमा हेर्दा ३७.८ प्रतिशत रहेका छन् । जसमा जसमा कृषि क्षेत्रमा १.३ र गैरकृषिमा ३६.५ प्रतिशत रहेको छ । अनौपचारिक क्षेत्रमा रोजगारी ६२.२ प्रतिशत रहेको छ । कृषिमा २०.२, गैरकृषिमा ४१ र निजी घरमा १ प्रतिशत रोजगारीमा छन् ।

रोजगारमा रहेका र तलव/ज्याला प्राप्त गर्नेहरूको औसत मासिक आम्दानी रु. १७,८०९ रहेको छ । लैङ्गित रुपमा हेर्दा पुरुषको औसत मासिक आम्दानी रु. १९,४६४ र महिलाको औसत मासिक आम्दानी रु. १३,६३० रहेको छ । यस अनुसार नेपाली महिलाले पुरुषको तुलनामा औसत मासिक रु. ५,८३४ (३० प्रतिशत) कम कमाउँछन् । नेपालमा करिव १ करोड ५ लाख १० हजार जनसंख्या अर्थात् ३६.२ प्रतिशत हाल बसेकोभन्दा अन्य ठाउँमा जन्मेर बसाइसराइ गरी आएका व्यक्तिहरु रहेका छन् । यो जनसंख्या रोजगार लगायत विभिन्न कारणले आपू जन्मेको ठाउँबाट अन्य ठाउँमा बसिरहेका छन् ।

नेपालमा वाल श्रम (५ देखि १७ वर्ष) का वालविलकाहरू १५.३ प्रतिशत संलग्न रहेका छन् जसमा वालक १३.९ प्रतिशत र वालिका १६.८ प्रतिशत रहेका छन् । श्रमशक्ति सर्भेक्षण अनुसार करिब १५ प्रतिशत श्रमिक मात्र सामाजिक सुरक्षामा समावेश भएका छन् ।

### ८.२ कोशी प्रदेशमा रोजगारीको वर्तमान अवस्था

नेपालको राष्ट्रिय जनगणना, २०७८ का अनुसार कोशी प्रदेशको जम्मा जनसंख्या ४९,६१,४१२ मध्ये काम गर्ने उमेर समूहको जनसंख्या (१५ वर्ष वा सो भन्दा बढी उमेर) ७४ प्रतिशत रहेको छ । नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४ का अनुसार नेपालको कूल श्रमशक्ति सहभागिता दर ३७.८ प्रतिशत रहेको छ । यस प्रदेशको बेरोजगार दर १०.२% रहेको छ भने रोजगारमा संलग्न दर ३४ प्रतिशत रहेको छ । क्षेत्रगत रुपमा हेर्दा औपचारिक क्षेत्रमा ३६.७ प्रतिशत रोजगारीमा छन् । जसमा कृषि क्षेत्रमा १.७ र गैरकृषिमा ३५ प्रतिशत रहेको छ । बाँकी भने अनौपचारिक क्षेत्रमा ६३.३ प्रतिशत रोजगारीमा रहेकोमा कृषिमा २०.४, गैरकृषिमा ४२.१ र निजी घरमा शुन्य दशमलव ८ प्रतिशत रोजगारीमा छन् । कोशी प्रदेशमा रोजगारमा रहेका र तलव/ज्याला प्राप्त गर्नेहरूको औसत मासिक आम्दानी रु. १५,२०८ रहेको छ । कोशी प्रदेशमा करिव १८ लाख ५४ हजार जनसंख्या अर्थात् ३८.१ प्रतिशत हाल बसेकोभन्दा अन्य ठाउँमा जन्मेर बसाइसराइ गरी आएका व्यक्तिहरु रहेका छन् । रोजगार लगायत विभिन्न कारणले आफू जन्मेको ठाउँबाट यस प्रदेश क्षेत्रमा बसिरहेका छन् ।

कोशी प्रदेश प्रदेशमा रोजगारका क्षेत्रमा पर्याप्त अवसर र सम्भावनाहरू रहेका छन्। वैदेशिक रोजगारीबाट सिप, कामप्रति सम्मान, लगानीका लागि के ही स्रोतसमेत लिएर आएका जनशक्ति स्वरोजगार हने तथा उद्यम व्यवसायमा संलग्न हने क्रम बढ्नु, सहुलियतमा उद्यमशीलता कर्जा सुविधा उपलब्ध हनु, रोजगार सूचना केन्द्र स्थानीय तहसम्म विस्तार हनु, श्रम बजार सूचना प्रणालीको विकास प्रक्रिया सरु हुनु, विकास र विस्तार हँदु गरेको प्रविधिसँग युवा पिढी पनि प्रविधिमैत्री हँदु जानु, महिला उद्यमीहरूको सङ्ख्यामा क्रमशः बढोत्तरी हनु, प्राविधिक शिक्षाको पहँचु विस्तार हुँदै जान र आकर्षण बढ्दै जानु, प्रदेशमा वित्तीय क्षेत्रको विस्तार तथा आर्थिक गतिविधिहरू बढ्दै जान आदि श्रम तथा रोजगारी क्षेत्रका अवसरहरू रहेका छन्।

यसैगरी शिक्षा, श्रम, सिप र उत्पादनबिच तालमेल कायम गर्नु, श्रमप्रतिको सम्मान तथा उद्यमशील सोचको विकास गर्नु, स्वदेशी रोजगारीले वैदेशिक रोजगारीलाई प्रतिस्थापन गर्नु, वैदेशिक रोजगारीबाट प्राप्त सिप र पजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, बालश्रम निर्मूल गर्नु, अनौपचारिक क्षेत्रलाई औपचारिक क्षेत्रमा रूपान्तरण गर्नु आदि चुनौतीका रूपमा रहेका छन्।

### ८.३ राष्ट्रिय लक्ष्य

नेपाल अतिकम विकसित मुलुकबाट नेपाललाई वि.स.२०८३ (सन् २०२६) मा विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने र वि.स.२०८७ (सन् २०३०) सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने र सोसँगै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य रहेको छ। वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीव्र, दिगो र रोजगारमूलक आर्थिक बृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ। नेपालको सोह्रौं योजनाले आ.व. २०८०।८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९ प्रतिशत र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुर्याउने लक्ष्य राखेको छ। त्यस्तै आ.व. २०८०।८१ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र वि.सं. २१०० सम्ममा ७० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ। हाल नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा आ.व. २०८५/८६ मा ५ प्रतिशत र वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको छ। यसैगरी रोजगारीमा महिला र पुरुषको सहभागिता अनुपात हाल १:१.७ रहेकोमा आ.व. २०८५/८६ मा १:१.२ मा पुर्याउने लक्ष्य रहेको छ। यसैगरी बाध्यकारी श्रमको दर (१५ वर्ष वा सोभन्दा माथि) प्रतिहजार हाल १.२ रहेकोमा आगामि पाँच वर्ष भित्र शुन्यमा झार्ने लक्ष्य रहेको छ।

नेपाल सरकारले सन् २०२५ - २०३० दश वर्षे आन्तरिक रोजगार प्रवर्द्धन वर्ष राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन २०८१ मार्फत १६ बुँदे काठमाण्डौ घोषणा पत्र समेत जारी भएको छ।

## ९. गाउँपालिकाको परिचय

कानेपोखरी गाउँपालिका मोरङ जिल्लाको बिच भागमा अवस्थित छ। यस गाउँपालिकाको उत्तरी भागमा चारकोशे झाडी छ भने त्यँही भागमा ४ किमि पूर्वमश्चिम राजमार्ग रहेको छ। वि.स. २०७३ मा ३ वटा गाविसहरु बयरवन, केरौन र होक्लाबारीलाई मिलाएर ७ वट वडा कायम गरी कानेपोखरी गाउँपालिका गठन गरिएको हो। यसको पूर्वमा पथरिशनिश्चरे र सुनवर्षी नगरपालिका, दक्षिणमा रंगेली नगरपालिका, पश्चिममा बेलबारी नगरपालिका र उत्तरमा लेटाङ नगरपालिका पर्दछ। यस गाउँपालिकाको क्षेत्रफल ८२.८३ वर्ग कि.मि. छ भने समुद्र सतहबाट करिव ७५ मिटर उचाईमा रहेको छ। यो गाउँपालिकाको भूभाग समथर तराई प्रदेशमा पर्दछ। यसको उत्तरतर्फ चारकोशे झाडी र थुम्काथुम्को र सिमसार क्षेत्र रहेको छ। यहाँको जमिन दक्षिणतर्फ फर्किएको हुनाले यहाँको खोलानालाहरू दक्षिणतर्फ बग्ने गर्दछ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कानेपोखरी गाउँपालिकाको जनसंख्या ४३,१९३ जना रहेको छ। जसमध्ये पुरुष २०,४०५ जना (४७.२४) प्रतिशत र महिला २२,७८८ जना (५२.७६) प्रतिशत रहेको छ। सोही अनुसार लैङ्गिक अनुपात ८९.५४ रहेको छ। यहाँको कूल परिवार संख्या १०,६६३ रहेको छ। सरदर घरधुरी आकार ५.०४ रहेको छ भने जनघनत्व ५२१ प्रति व्यक्ति वर्ग किलोमिटर रहेको छ। यस स्थानीय तहको साक्षरता दर ७८ प्रतिशत रहेको छ। साक्षरता दरलाई लैङ्गिक रुपमा हेर्दा पुरुषको साक्षरता दर ८५.१ प्रतिशत र महिला साक्षरता दर ७१.३ प्रतिशत रहेको छ। जातिगत रुपमा हेर्दा सबैभन्दा धैरै क्षेत्री २२.३ प्रतिशत दोस्रोमा पहाडे ब्राह्मण १३.१ प्रतिशत र तेस्रोमा याक्थुङ/लिम्बु ७ प्रतिशत रहेका छन्। यहाँका मानिसहरू हिन्दु ७६.२ प्रतिशत, बौद्ध ६.६ प्रतिशत, किँरात ९.९ प्रतिशत, क्रिश्चियन २.९ प्रतिशत, प्रकृति धर्म ३.८ र इस्लाम ०.३ प्रतिशतले धर्म मान्ने गरेका छन् ।

## ९.१ वडागत जनसंख्या विवरण

यस गाउँपालिकाको वडागत जनसंख्या हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं ५ मा ७,३५२ जना र सबैभन्दा कम वडा नं ७ मा ४,९२९ जना रहेको छ। वडागत जनसंख्या निम्न उल्लेखित रहेको छ।

**तालिका नं. १: वडागत जनसंख्याको विवरण**

| वडा नम्बर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २,५८१ | २,७६७ | ५,३४८ |
| २ | ३,१०९ | ३,३८७ | ६,४९६ |
| ३ | २,६६३ | २,९८५ | ५,६४८ |
| ४ | ३,०५० | ३,३९६ | ६,४४६ |
| ५ | ३,४४१ | ३,९११ | ७,३५२ |
| ६ | ३,२६० | ३,७१४ | ६,९७४ |
| ७ | २,३०१ | २,६२८ | ४,९२९ |
| **जम्मा** | २०,४०५ | २२,७८८ | ४३,१९३ |
| **प्रतिशत** | ४७.२४ | ५२.७६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## ९.२ उमेर समूहको आधारमा जनसंख्या विवरण

यस गाउँपालिकाको जनसंख्यालाई उमेर समूहको आधारमा विश्लेषण गर्दा आर्थिक रुपमा सकृय जनसंख्या १५ देखि ५९ बर्ष उमेर समूहको जनसंख्या २६,५९३ रहेको छ। जुन जम्मा जनसंख्याको ६२ प्रतिशत हुन आउँछ। उमेर अनुसारको जनसंख्याको विवरण यहाँ प्रस्तुत गरिएको छ.।

**तालिका नं.२ : उमेर समूहको आधारमा जनसंख्या**

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ९५ माथि | ७ | ३० | ३७ |
| ९०-९४ | ३४ | ३९ | ७३ |
| ८५-८९ | ८८ | ११५ | २०३ |
| ८०-८४ | १५३ | १७२ | ३२५ |
| ७५-७९ | ३०३ | ३२७ | ६३० |
| ७०-७४ | ५७२ | ५९९ | १,१७१ |
| ६५-६९ | ७१३ | ७५० | १,४६३ |
| ६०-६४ | ७९८ | ९२७ | १,७२५ |
| ५५-५९ | ९१५ | ९८६ | १,९०१ |

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ५०-५४ | १,१६१ | १,३१५ | २,४७६ |
| ४५-४९ | १,०८३ | १,२०४ | २,२८७ |
| ४०-४४ | १,३६६ | १,५२५ | २,८९१ |
| ३५-३९ | १,३२७ | १,७२० | ३,०४७ |
| ३०-३४ | १,३३४ | १,७८५ | ३,११९ |
| २५-२९ | १,३८० | २,०२९ | ३,४०९ |
| २०-२४ | १,५७९ | १,९९२ | ३,५७१ |
| १५-१९ | १,९७५ | १,९१७ | ३,८९२ |
| १०-१४ | १,९०६ | १,८४४ | ३,७५० |
| ०५-०९ | २,०३८ | १,९५० | ३,९८८ |
| ००-०४ | १,६७३ | १,५६२ | ३,२३५ |
| **जम्मा** | **२०,४०५** | **२२,७८८** | **४३,१९३** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## ९.४ बसाइराइ र विदेशमा रहेको जनसंख्या

यस स्थानीय तहमा कूल जसंख्याको ५४.१४ प्रतिशत जनसंख्या मात्र यस स्थानीय तहमा जन्मिएको तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ को रहेको छ। यसैगरी ७.४९ प्रतिशत जनसंख्या यसै जिल्लाका अन्य स्थानीय तहमा जन्मिएका, अर्को जिल्लामा जन्मिएका ३५.०८ प्रतिशत र विदेशमा नै जन्मिएका शुन्य दशमलव २.९७ प्रतिशत रहेका छन्।

**तालिका नं.३ : बसाइराइ र विदेशमा रहेको जनसंख्या**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | यहि स्थानीय तहमा जन्मिएका | २३,३८४ | ५४.१४ |
| २ | यस जिल्लाका अन्य स्थानीय तहमा जन्मिएका | ३,३६३ | ७.७९ |
| ३ | अर्को जिल्ला जन्मिएका | १५,१५१ | ३५.०८ |
| ४ | विदेशमा जन्मिएका | १,२८२ | २.९७ |
| ५ | उल्लेख नभएको | १३ | ०.०३ |
| **जम्मा** | | **४३,१९३** | **१००** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## ९.५ अनुपस्थित जनसंख्या

राष्ट्रिय जनगणना २०७८ का क्रममा देशभन्दा बाहिर रहेका अर्थात अनुपस्थित जनसंख्या कूल जनसंख्याको आधारमा १०.१३ प्रतिशत रहेका छन्। यस स्थानीय तहको कूल ४३,१९३ जनसंख्यामा ४,३७४ जना विदेशमा रहेका छन्। जसमा अधिकत्तम पुरूष रहेका छन्। अनुपस्थित जनसंख्यामा ८३.८१ प्रतिशत पुरुष र १६.१९ प्रतिशत महिला रहेका छन्। यसैगरी घरधुरीका आधारमा यस स्थानीय तहका २३ प्रतिशत घरपरिवारका व्यक्तिहरु विदेशमा गएको पाइएको छ।

**तालिका नं.४ : अनुपस्थित जनसंख्या**

| क्र.स. | विवरण | संख्या | प्रतिशतमा |
|---|---|---|---|
| १ | पुरुष | ३,६६६ | ८३.८१ |
| २ | महिला | ७०८ | १६.१९ |
| **जम्मा** | | ४,३७४ | १००.०० |
| **जम्मा संख्या र प्रतिशत** | | ४३,१९३ | १०.१३ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## १०. आर्थिक कृयाकलापको अवस्था

### १०.१ आर्थिक कृयाकलापमा संलग्नताको अवस्था

यस स्थानीय तहको जम्मा जनसंख्या १० वर्ष वा सो भन्दा माथि उमेरका ३५,९७० जना जनसंख्या रहेका छन्। जुन कूल सनसंख्यामा काम गर्न सक्ने उमेर समूह (१० वर्ष वा सोभन्दा माथि) ८३.२८ प्रतिशत हुन आँउछ। जसमध्ये आर्थिक क्रियाकलापहरुमा संलग्न जनसंख्या २४,२८९ जना रहेका छन्। आर्थिक कृयाकलापमा संलग्न जनसंख्या ६७.५३ रहेका छन्। आर्थिक कृयाकलापमा  सलग्नतालाई लैङ्गिक रुपमा हेर्द ७१.३६  प्रतिशत पुरुष र ६४.२० प्रतिशत महिला रहेका छन्। १० वर्ष वा सो भन्दा माथि उमेरका जनसंख्या मध्ये ३२.४७ प्रतिशत जनसंख्या कुनै पनि आर्थिक क्रियाकलापहरूमा संलग्न रहेका छैनन्।

**तालिका नं.५ : आर्थिक कृयाकलापमा संलग्नताको अवस्था**

| विवरण | संख्यामा | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| काम गर्ने उमेर समूहको जनसंख्या (१० वर्ष वा सोभन्दा माथि) | १६,६९४ | १९,२७६ | ३५,९७० | ८१.८१ | ८४.५९ | ८३.२८ |
| आर्थिक कृयाकलापमा संलग्न जनसंख्या (१० वर्ष वा सो भन्दा माथि) | ११,९१३ | १२,३७६ | २४,२८९ | ७१.३६ | ६४.२० | ६७.५३ |
| आर्थिक कृयाकलापमा संलग्न नभएका जनसंख्या (१० वर्ष वा सो भन्दा माथि) | ४,७८१ | ६,९०० | ११,६८१ | २८.६४ | ३५.८० | ३२.४७ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### १०.३ अक्सर आर्थिक रुपमा सक्रिय जनसंख्याको रोजगारीको अवस्था

यस स्थानीय तहका १० वर्ष वा सोभन्दा माथिका अक्सर आर्थिक रुपमा सकृय जनसंख्याको ९६.३७ प्रतिशत रोजगारमा संलग्न छन् भने ३.६३ प्रतिशत  जनसंख्या बेरोजगार छन्। लैङ्गिक रुपमा हेर्दा रोजगारमा पुरुष ९६.३५ प्रतिशत र महिला ९६.४ प्रतिशत रोजगारमा रहेका छन्।

**तालिका नं.६ : अक्सर आर्थिक रुपमा सक्रिय जनसंख्याको रोजगारीको अवस्था**

| क्र.स. | विवरण | संख्यामा | | | प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | रोजगार | ९,२९७ | ७,८९४ | १७,१९१ | ९६.३५ | ९६.४० | ९६.३७ |
| २ | बेरोजगार | ३५२ | २९५ | ६४७ | ३.६५ | ३.६० | ३.६३ |
| **जम्मा** | | ९,६४९ | ८,१८९ | १७,८३८ | | | |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## १०.४ आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसंख्या

२०७८ का अनुसार यस स्थानीय तहका आर्थिक कृयाकलापमा संलग्न जनसंख्यामा घरायसी कार्य सहित १२,३७६ जना विभिन्न रोजगारमा संलग्न रहेका छन् । सबैभन्दा बढी स्वरोजगारमा संलग्न छन् जसले ५८.७२ प्रतिशत ओगड्दछ । यसैगरी दोस्रोमा रोजगारीमा संलग्न २७.८६ प्रतिशत जनसंख्या रहेका छन् । यसैगरी घरायसी कार्यमा १२.५२ प्रतिशत र रोजगार दातामा ०.८९ प्रतिशत जनसंख्या रहेका छन् ।

**तालिका नं.७ : आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसंख्या**

| क्र.स. | विवरण | पुरुष | महिला | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | रोजगारीमा संलग्न | ३,७५९ | ३,००९ | ६,७६८ | २७.८६ |
| २ | रोजगारदाता | १६४ | ५३ | २१७ | ०.८९ |
| ३ | स्वरोजगार | ६,८४४ | ७,४१८ | १४,२६२ | ५८.७२ |
| ४ | घरायसी कार्य | १,१४५ | १,८९५ | ३,०४० | १२.५२ |
| ५ | उल्लेख नभएको | १ | १ | २ | ०.०१ |
| **जम्मा** | | ११,९१३ | १२,३७६ | २४,२८९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## १०.५ संलग्न पेशागत रुपमा जनसंख्या

राष्ट्रिय जनगणना २०७८ को गणनाका क्रममा गणनाको समयदेखि अघिको १२ महिनासम्म गरेको आर्थिक क्रियाकलापको पेशा अवलम्वन गर्ने जनसंख्या तपसिल बमोजिम रहेका छन् । जसमा सबैभन्दा बढी कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु र सामान्य वा प्राथमिक पेशाका कामदारहरू रहेका छन् ।

**तालिका नं.८ : संलग्न पेशागत रुपमा जनसंख्या**

| क्र.स. | आर्थिक कृयाकलापको पेशा | पुरुष | महिला | कुल | प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | सुरक्षाकर्मी | ९ | २ | ११ | ०.०५ |
| २ | व्यवस्थापक | ५०० | ४४५ | ९४५ | ३.८९ |
| ३ | पेशाविद्हरू | ३०९ | २४५ | ५५४ | २.२८ |
| ४ | प्राविधिक तथा सहायक पेशाविद्हरू | ९९ | ६३ | १६२ | ०.६७ |
| ५ | कार्यालय सहायकहरू | ९९ | ८८ | १८७ | ०.७७ |
| ६ | सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | ४९५ | ४८६ | ९८१ | ४.०४ |
| ७ | कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ६३४० | ७४५० | १३७९० | ५६.७७ |
| ८ | शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | ७८७ | १६१ | ९४८ | ३.९० |
| ९ | कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु | ५६३ | १९ | ५८२ | २.४० |
| १० | सामान्य वा प्राथमिक पेशाका कामदारहरु | २६९९ | ३४१२ | ६१११ | २५.१६ |
| ११ | उल्लेख नगरिएको पेशा | १३ | ५ | १८ | ०.०७ |
| **जम्मा** | | **११,९१३** | **१२,३७६** | **२४,२८९** | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## १०.६ मुख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसंख्या

यस स्थानीय तहका मुख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसंख्या (१० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा) आर्थिक कृयाकलापमा संलग्नतालाई सो आर्थिक कार्यको संस्थागत क्षेत्रलाई ५ वटा क्षेत्रमा वर्गिकरण गरी हेर्दा सबैभन्दा बढी घरयसी क्षेत्रमा ७५.५ प्रतिशत संलग्न रहेका छन्। यसैगरी दोस्रोमा गैरवित्तीय क्षेत्रमा २२.०५ प्रतिशत, तेस्रोमा सरकारी क्षेत्रमा १.५७ प्रतिशत, सोपछि वित्तीय क्षेत्रमा ०.५७ र सबैभन्दा कम गैरनाफामूलकमा ०.३२ प्रतिशत संलग्न रहेको देखिन्छ।

**तालिका नं.९ : मुख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसंख्या**

| क्र.स. | विवरण | पुरुष | महिला | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | सरकारी | २४० | १४१ | ३८१ | १.५७ |
| २ | वित्तीय | ७७ | ६१ | १३८ | ०.५७ |
| ३ | गैरवित्तिय | २,८०१ | २,५५४ | ५,३५५ | २२.०५ |
| ४ | गैरनाफामूलक | ५८ | २० | ७८ | ०.३२ |
| ५ | घरायसी क्षेत्र | ८,७३७ | ९,६०० | १८,३३७ | ७५.५० |
| **जम्मा** | | ११,९१३ | १२,३७६ | २४,२८९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## १०.७ विदेशमा रहेकाहरूको संलग्ता

राष्ट्रिय जनगणना २०७८ का क्रममा देशभन्दा बाहिर रहेका अर्थात अनुपस्थित जनसंख्या ४,३७४ जना रहेका छन्। हाल विदेशमा रहेकामध्ये सबैभन्दा बढी ८५.६ प्रतिशत तलबी रोजगारीमा रहेका छन्। यसैगरी अध्ययन तथा तालिममा ४.१८, जागिरको खोजीमा १.६७ प्रतिशत रहेका छन्। आस्रितका रुपमा ६.३१ प्रतिशत रहेका छन् भने अन्यमा ०.८५ प्रतिशत रहेका छन्।

**तालिका नं.१० : विदेशमा रहेकाहरूको संलग्ता**

| क्र.स. | विवरण | जम्मा | प्रतिशतमा |
|---|---|---|---|
| १ | तलवी काम | ३,७४४ | ८५.६० |
| २ | व्यापार तथा व्यवसाय | २१ | ०.४८ |
| ३ | अध्ययन तथा तालिम | १८३ | ४.१८ |
| ४ | जागिरको खोजी | ७३ | १.६७ |
| ५ | आश्रित | २७६ | ६.३१ |
| ६ | अन्य | ३७ | ०.८५ |
| ७ | उल्लेख नभएको | ४० | ०.९१ |
| **जम्मा** | | ४,३७४ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### १०.८ घरेलु तथा साना व्यवसायमा संलग्न घरधुरी संख्या

यस स्थानीय तहका कूल घरधुरी संख्या १० हजार ६६३ घरधुरीमा ८९४ (८.३८ प्रतिशत) घरधुरीका मानिसहरू घरेलु तथा साना व्यवसायमा संलग्न भएका छन् । जसमा सबैभन्दा बढी व्यापार व्यवसायमा ५३.०२ प्रतिशत रहेका छन् भने दास्रोमा घरेलु उद्योगमा २५.६२ प्रतिशत र तेस्रोमा अन्यमा ७.९४ प्रतिशत रहेका छन् । यस तथ्याङ्कमा कृषि व्यवसाय संलग्न गरिएको छैन ।

**तालिका नं.११ : घरेलु तथा साना व्यवसायमा संलग्न घरधुरी संख्या**

| क्र.स. | विवरण | जम्मा | प्रतिशतमा |
|---|---|---|---|
| १ | घरेलु उद्योग | २२९ | २५.६२ |
| २ | व्यापार व्यवसाय | ४७४ | ५३.०२ |
| ३ | यातायात | ५९ | ६.६० |
| ४ | सेवा सम्बन्धी | ६१ | ६.८२ |
| ५ | अन्य | ७१ | ७.९४ |
| ६ | उल्लेख नभएको | १५ | १.६८ |
| **जम्मा** | | **८९४** | **१००.००** |
| **कूल घरधुरी संख्या र प्रतिशत** | | **१०,६६३** | **८.३८** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## ११. रोजगारीसँग प्रत्यक्ष सम्बन्धित कार्यक्रमहरु

### ११.१ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्रदान गरिएको रोजगारी सम्बन्धी विवरण

प्रधानमन्त्री रोजगार कार्यक्रम लागू भएपछि यस स्थानीय तहमा रोजगारका लागि सूचिकृत र रोजगारी प्रदान गरिएको ४ वर्षको तथ्याङ्क प्रस्तुत् गरिएको छ । प्रस्तुत् तथ्याङ्क अनुसार आ.व. २०७७।०७८ मा ४९६ जना सुचिकृत भएकोमा १९.१५ प्रतिशतलाई रोजगारी प्रदान गरिएको छ । यसैगरी अनुसार आ.व. २०७८।०७९ मा ५३० जना सुचिकृत भएकोमा १८.६८ प्रतिशतलाई रोजगारी प्रदान गरिएको छ । आ.व. २०७९।०८० मा ५२६ जना सुचिकृत भएकोमा १५.५९ प्रतिशतलाई रोजगारी प्रदान गरिएको छ । आ.व. २०८०।०८१ मा ४१६ जना सुचिकृत भएकोमा १८.७५ प्रतिशतलाई रोजगारी प्रदान गरिएको छ । ४ वर्षको तथ्याङ्कलाई हेर्दा जम्मा १,९६८ जना रोजगारका लागि सूचिकृत भएकोमा जम्मा ३५४ जना (११०.८२)प्रतिशतलाई रोजगारी प्रदान गरिनेछ । लैङ्गिक रुपमा हेर्दा सूचिकृत भएकोमा पुरुष २३.४३ प्रतिशत र महिला १०.८२ प्रतिशतले रोजगारी प्राप्त गरेका छन्

**तालिका नं.१२ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्रदान गरिएको रोजगारी सम्बन्धी विवरण**

| आ.व. | सूचिकृत संख्या | | | रोजगारी प्रदान संख्या | | | रोजगारी प्रदान प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| २०७७/०७८ | ३३० | १६६ | ४९६ | ७३ | २२ | ९५ | २२.१२ | १३.२५ | १९.१५ |
| २०७८/०७९ | ३२८ | २०२ | ५३० | ७५ | २४ | ९९ | २२.८७ | ११.८८ | १८.६८ |
| २०७९/०८० | २७६ | २५० | ५२६ | ६२ | २० | ८२ | २२.४६ | ८ | १५.५९ |
| २०८०/०८१ | १८४ | २३२ | ४१६ | ५२ | २६ | ७८ | २८.२६ | ११.२१ | १८.७५ |
| **कूल** | **१,११८** | **८५०** | **१,९६८** | **२६२** | **९२** | **३५४** | **२३.४३** | **१०.८२** | **१७.९९** |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, कानेपोखरी गाउँपालिका*

### ११.२ प्रधानमन्त्री रोजगार कार्यक्रममा बजेट तथा खर्चको अवस्था

प्रधानमन्त्री रोजगार कार्यक्रम यस स्थानीय तहमा लागू भएपछि आ.व. २०७६/०७७ देखि चालु आ.व. २०८१/०८२ सम्म जम्मा २ करोड ७० लाख ८० हजार १६८ बजेट विनियोजन तथा खर्च भएको छ ।

**तालिका नं.१३ : प्रधानमन्त्री रोजगार कार्यक्रममा बजेट तथा खर्चको अवस्था**

| आ.व. | जम्मा बजेट |
|---|---|
| २०७६/०७७ | १२,३३,००० |
| २०७७/०७८ | ७९,८४,००० |
| २०७८/०७९ | ६२,४२,००० |
| २०७९/०८० | ४२,८६,००० |
| २०८०/०८१ | ३७,१३,१६८ |
| २०८१/०८२ | ३६,२२,००० |
| **कूल** | **२,७०,८०,१६८** |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, कानेपोखरी गाउँपालिका*

### ११.३ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत उद्यमी सिर्जना सम्बन्धी विवरण

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम गाउँपालिकामा उद्यमी सिर्जनासँग प्रत्यक्ष सम्बन्धित कार्यक्रम हो। यस कार्यक्रम अन्तरगत आव २०७७।०७८ देखि चालु आ.व. २०८१।०८२ सम्म ५ वर्षको अवधिमा नयाँ उद्यमि १५० जना र उद्यमी स्तरोन्नतिमा २९ जना गरी जम्मा १७९ जना उद्मी सिर्जना भएका छन्। उक्त ५ वर्षमा जम्मा रकम रु. १ करोड १ लाख रुपयाँ खर्च भएको छ।

**तालिका नं. १४ : उद्यमी सिर्जना सम्बन्धी विवरण**

| आ.व. | नयाँ उद्यमी | उद्यमी स्तरोन्नति | जम्मा | जम्मा बजेट |
|---|---|---|---|---|
| २०७७/०७८ | ३५ | | ३५ | २७,००,००० |
| २०७८/०७९ | २५ | | २५ | २१,००,००० |
| २०७९/०८० | ४४ | ५ | ४९ | २९,००,००० |
| २०८०/०८१ | ३० | १३ | ४३ | १२,००,००० |
| २०८१/०८२ | १६ | ११ | २७ | १२,००,००० |
| **कूल** | **१५०** | **२९** | **१७९** | **१,०१,००,०००** |

*स्रोत: गरिवी निवारणका लागि लघु उद्यमी विकास कार्यक्रम, कानेपोखरी गाउँपालिका*

### ११.३ सञ्चालन भएका कृषि सम्बन्धी तालिमहरुको विवरण

यस गाउँपालिकामा आ.व. २०८०।०८१ मा तपसिलमा उल्लेखित कृषि विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका थिए।

**तालिका नं.१५ : सञ्चालन भएका कृषि सम्बन्धी तालिमहरुको विवरण**

| क्र.स. | तालिमको नाम | तालिमका सहभागी संख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | तरकारी बालीको सिजनल नर्सरी तथा बेर्ना वितरण कार्यक्रम | ११५ | २१० | ३२५ |
| २ | आमाको सीप सन्तानलाई अर्गानिक गुन्द्रुक मोरङगला (साग उत्पादन) | २५ | १० | ३५ |
| ३ | तेलहन बाली प्रवर्द्धन | १५५ | १५० | ३०५ |
| ४ | विजवृद्धि कार्यक्रम (मकै) | ११ | १४ | २५ |
| ५ | चैतेधान तथा मकै बाली प्रवर्द्धन | ४५ | ६५ | ११० |
| ६ | तोरी प्रवर्द्धन कार्यक्रम | १५५ | १५० | ३०५ |
| **जम्मा** | | ५०६ | ५९९ | ११०५ |

*स्रोत: कृषि शाखा, कानेपोखरी गाउँपालिका*

## ११.३ कृषि तथा पशु विकास क्षेत्रमा उद्यमी प्रवर्द्धन सम्बन्धी सञ्चालित कार्यक्रमहरू

यस गाउँपालिकामा आ.व. २०८०।०८१ मा तपसिलमा उल्लेखित कृषि तथा पशु विकास क्षेत्रमा उद्यमी प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका थिए।

**तालिका नं.१६ : कृषि तथा पशु विकास क्षेत्रमा उद्यमी प्रवर्द्धन सम्बन्धी सञ्चालित कार्यक्रमहरू**

| क्र.स. | तालिमको नाम | तालिमका सहभागी संख्या | | | खर्च भएको रकम रु. |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | च्यापकटर मेसिन वितरण | १५ | ७ | २२ | ६६००० |
| २ | ठेलागाडी वितरण | ४ | ८ | १२ | ३६००० |
| ३ | काउम्याट | ९ | १ | १० | ६०००० |
| ४ | डिजिटल काँटा | | १ | १ | १०००० |
| ५ | जैघाँस वितरण | २०१ | १५९ | ३६० | ३५०००० |
| ६ | गोठसुधार | १५ | १३ | २८ | ७०००० |
| ७ | नयाँ माछा पोखरी निर्माण | ४ | | ४ | २४०००० |
| **जम्मा** | | **२४८** | **१८९** | **४३७** | **८३२०००** |

*स्रोत: कृषि शाखा तथा पशु शाखा, कानेपोखरी गाउँपालिका*

# खण्ड -३ : रणनैतिक विश्लेषण

## १२. गाउँपालिकाको श्रम तथा रोजगारी सम्बन्धित रणनैतिक विश्लेषण

### १२.१ तथ्थाङ्कीय अवस्थाको विश्लेषण

कानेपोखरी गाउँपालिका कोशी प्रदेश अन्तर्गतको जनघनत्वको हिसावमा उल्लेख्य जनसंख्या रहेको छ । यहाँको कूल जनसंख्याको ४६ प्रतिशत व्यक्तिहरू अन्यत्रबाट बसाइसराई गरी आएका छन् । यस स्थानीय तहको कूल जनसंख्याको १०.१३ प्रतिशत जनसंख्या विदेशमा रहेका छन् । काम गर्ने उमेर समूहको जनसंख्या (१० वर्ष वा सोभन्दा माथि) ३५,९७० (८३ प्रतिशत) रहको छ । यसैगरी कूल जनसंख्यामा २४,२८९ (६७.५३ प्रतिशत) आर्थिक कृयाकलापमा संलग्न जनसंख्या रहेको छ । १० वर्ष वा सोभन्दा माथिका अक्सर आर्थिक रुपमा सकृय जनसंख्याको ६४७ जना (३.६३ प्रतिशत) बेरोजगार देखिन्छ । आर्थिक कृयाकलापमा संलग्न जनसंख्यामा ५८.७२ प्रतिशत स्वरोजगारमा, २७.८६ प्रतिशत रोजगारीमा, १२.५२ प्रतिशत घरायसी कार्यमा संलग्न रहेका छन् । उनिहरू संलग्न पेशालाई हेर्दा कृषि वन र माछापालन पेशामा ५६.७७ प्रतिशत, सामान्य वा प्राथमिक पेशामा २५.१६ प्रतिशत, शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने पेशामा ३.९० प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने पेशामा ४.०४ प्रतिशत, व्यवस्थापक पेशामा ३.८९ प्रतिशत र कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने पेशामा २.४ प्रतिशत रहेका छन् ।

आर्थिक कृयाकलापमा संलग्नतालाई संस्थागत क्षेत्रलाई हेर्दा घरायसी क्षेत्रमा ७५.५ प्रतिशत, गैरवित्तीय क्षेत्रमा २२.०५ प्रतिशत, सरकारी क्षेत्रमा १.५७ प्रतिशत संलग्न रहेको देखिन्छ । कूल घरधुरी संख्यामा ८.८३ प्रतिशत घरधुरीका मानिसहरू घरेलु तथा साना व्यवसाय (कृषि बाहेक)मा संलग्न भएका छन् । घरेलु तथा साना व्यवसायमा संलग्नमध्ये व्यापार व्यवसायमा ५३.०२ प्रतिशत, घरेलु उद्योगमा २५.६२ प्रतिशत, सेवा सम्बन्धीमा ६.८२ प्रतिशत र यातायातमा ६.६० प्रतिशत रहेका छन् ।

स्थानीय तहमा रोजगार सिर्जना गर्ने प्रकृतिको कार्यक्रमहरू न्यून मात्र छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम र गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम रोजगार सिर्जना लक्षित कार्यक्रमहरु हुन । यसको अवला कृषि शाखा पशु सेवा शाखाका कृयाकलापहरू पनि रोजगार सिर्जनामा सहयोग पुर्याउने कार्यक्रमहरू रहेका छन् । यसैगरी वैदेशिक रोजगारबाट फर्किएकाहरू पुनएकीकरण (रेमी) परियोजनाले वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको आर्थिक र सामाजिक पुनएकीकरणका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस क्षेत्रमा रोजगार प्रदान गर्ने ठुला कलकारखाना तथा उद्योग धन्दाहरू नभएकोले औद्योगिक क्षेत्रमा रोजगारीको अवसर न्यून रहेको छ । स्थानीय जनशक्ति मजदुरी र अध्ययनका लागि विदेश जाने क्रम अत्यधिक बढिरहेको छ ।

### १२.२ अवसर तथा सम्भावना

- तराइको समथर भूभाग र उर्भर माटो भएकोले कृषि उत्पादनको राम्रो सम्भावना रहेको छ ।
- गाउँपालिकाको दक्षिणी भागमा रहेको चतरा नहर लगायत खोला तथा सिमसार क्षेत्र पर्याप्त भएकोले यहाँ सिँचाईको सम्भावना रहेको छ ।
- यस गाउँपालिकाको उत्तरी भागबाट पूर्वपश्चिम राजमार्ग र गाउँपालिकाको बिचबाठ रंगेली मार्ग लगायत सहायक मार्गहरु पर्याप्त भएकोले सडक पूर्वाधारमा पहुँच भएको ।
- ऐतिहासिक तथा साँस्कृतिक महत्वको कानेपोखरी, कालिकोशी सिमसार क्षेत्र, भलुवा सिमसार, वन क्षेत्र, धिमाल जातिको संस्कृति आदि यहाँको पर्यटन विकासको राम्रो सम्भावना रहेको छ ।
- गाउँपालिका क्षेत्रमा औद्योगिक ग्रामको स्थापना गरी नयाँ उद्योग सुरु गरी पर्याप्त मात्रामा रोजगारी सिर्जना गर्न सकिने
- तोरी खेती र यसको प्रशोधनगरी कृषि क्षेत्र मार्फत रोजगार सिर्जना गर्ने सम्भावना रहेको छ ।
- मकै खेती पर्याप्त भइरहेकोले मकैको प्रशोधन लगायत दाना उद्योग सञ्चालन गर्ने ।
- स्थानीय स्तरमा प्राङ्घारिक मल उत्पादन गर्ने सम्भावना रहेको ।
- केरा खेती र केराको बोट प्रशोधन र सो सम्बन्धी उद्योग सिर्जना गर्न सकिने ।
- दुध र मासु उत्पादनमा राम्रो सम्भावना रहेको ।
- कृषि फर्म तथा कृषकहरूलाई कृषि उपकरण, विउविजन, प्रविधि ,उपकरणहरू अनुदानमा वितरण भईरहेको ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम, सुरक्षित वैदेशिक रोजगार (सामी) कार्यक्रम र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको पुन:एकीकण (रेमी) परियोजना जस्ता रोजगारीसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालनमा रहनु।

### १२.३ समस्या तथा चुनौति

- बेरोजगार, रोजगारको खोजीमा रहेका, वैदेशिक रोजगारबाट फेर्केर आएका व्यक्ति, उद्यमी तथा उद्योगीहरूको यथार्थ र अद्यावधिक तथ्याङ्क नहुनु।
- वार्षिक रुपमा ठूलो संख्यामा युवाहरू विदेश पलायन हुनु।
- वैदेशिक रोजगारबाट फर्केर आएकामध्ये अंगभंग अपाङ्ग असक्त भएका मानिसक समस्या सहित फर्केर आएका व्यक्तिहरूलाई उद्यम व्यवसायमा जोड्न समस्या भएको।
- वैदेशिक रोजगाबाट फर्केर आएका व्यक्तिहरूको पुँजी, ज्ञान, सीप उत्पादनमूल क्षेत्रमा उपयोग हुन नसक्नु।
- समुदाय स्तरमा उद्यमशीलता विकास सम्बन्धी सोंचको कमि हुनु।
- कृषिमा व्यवसायिमूखी भन्दा पनि निर्वाहमूखी सोंच व्यप्त हुनु।
- स्थानीय स्तरमा पर्याप्त कृषि प्राविधिकहरू उपलब्ध नहुनु।
- युवा जनशक्ति कृषि व्यवसाय प्रति आकर्षित नहुनु।
- कृषि उत्पादनहरू सहज रुपमा बिक्री गर्ने स्थल नहुनु।
- सित भण्डार (Cold Store) उपलब्ध नहुनु।
- कृषि, उद्यम, व्यवसाय, उद्योगमा आवश्यक नयाँ प्रविधिहरू उपलब्ध नहुनु।
- कृषि तथा गैरकृषि जन्य उत्पादनहरू निवार्द रुपमा भारतबाट खुल्ला सीमानाहुँदै भित्रिने र ति सामानहरूको मुल्य सस्तोमा बिक्री गर्दा स्थानीय उत्पालने बजार नपाउनु।
- विगतमा सञ्चालन भइरहेका व्यवसायिक कृषिजन्य फर्महरू उत्पादन लागत बढी हुनु, उचित बजार र मुल्य नपाएका कारण बन्द हुने अवस्थामा रहेको।
- शिक्षालाई वैज्ञानिक, व्यवहारिक, प्रविधिमैत्री, रोजगारमूलक, सीपमूलक बनाई समग्र रोजगारमैत्री वातावरण बनाउन नसक्नु।
- महिला तथा विपन्न वर्ग लक्षित सीपमूलक तालिमहरू सञ्चालन गर्न आवश्यक बजेटको अभाव हुनु।
- हाल उपलब्ध तालिम आधारभूत तहको भएको तर बजारको माग आधुनिक डिजाइनमा भएको हुँदा व्यवसाय विशिष्टिकृत खालको तालिम उपलब्ध नहुनु।
- तालिम प्राप्त गरेका व्यक्तिहरू सो सिपको उपयोग गरी रोजगार वा स्वरोजगार हुन नसक्नु।
- विद्युत नियमित प्रशारण नहुँदा उद्योग व्यवसायको उत्पादनमा समस्या भएको।
- गाउँपालिकामा उद्योग व्यवसायहरुको संख्या न्यून हुनु।
- व्यवसाय सुरू गर्न तथा विस्तार गर्न पूँजीको अभाव हुनु।
- बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिनका लागि कृषक र उद्यमीहरूको पर्याप्त पहुँच नहुनु।
- नविनतम् तथा उपयुक्त प्रविधिहरुको अभाव हुनु।
- स्थानीय उद्योगहरूबाट भएको राम्रो तथा गुणस्तरीय उत्पादनहरूको उचित प्रचार प्रसार नहुनु।
- गाउँपालिका लगायत अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूबाट प्रदान हुने सेवा सुविधा, तालिम, अनुदान आदि सूचना तथा जानकारीहरू सार्वजनिक रुपमा प्रचार प्रसार नहुनु।
- सुकुम्बासी बस्तिका परिवारहरूमा उद्यमशीलताको सोंच न्यून हुनु।

# खण्ड -४ : रणनैतिक सलावहरु

## १३. गाउँपालिकाका रणनैतिक सवालहरू

यस स्थानीय तहमा एकिकृत रोजगारी तथा दीगो रोजगारी प्रवर्द्धनका लागि निम्न उल्लेखित रणनैतिक सवालहरूको चर्चा गर्न आवश्यक देखिन्छ।

- श्रम बजारमा उपलब्ध श्रमशक्ति र रोजगारको अवसरको एकीकृत तथ्याङ्कको अभाव रहेको छ।
- उद्यमशीलता सम्बन्धी सोंच, श्रमको सम्मान र संस्थागत संस्कृतिको कमि रहेको छ।
- उपलब्ध जनशक्तिको सिप र क्षमता विकास सम्बन्धि कार्यक्रमहरूमा कमि र उपलब्ध कार्यक्रमहरू बिच एकरुपता र समन्वय नहुनु।
- स्थानीय तहमा रहेका रोजगारीका अवसरहरू पहिचान तथा नक्सांकन नहुनु।
- रोजगार सम्बद्ध सरोकारवाला तगा सेवाहरूको नक्सांकन नहुनु।
- संघ, प्रदेश र स्थानीय सरकार बिच नीतिगत, कार्यक्रम कार्यान्वयन र बजेट परिचालन जस्ता महत्वपूर्ण विषयमा आवश्यक समन्वयको अभाव।
- बेरोजगार व्यक्तिलाई सफल रोजगार वा स्वरोजगारसम्म पुर्याउन आवश्यक सहयोगहरू एकिकृत संयन्त्र नहुनु, जसले गर्दा र उद्यम तथा रोजगारी दिगो नहुनु।
- रोजागरदातालाई आवश्यक श्रमिकको माग र बेरोजगार व्यक्ति आपूर्ति बिच तालमेल नहुनु।
- कृषि, निर्माण, पर्यटन, उद्योग, सेवामूलक व्यवसायहरू स्थापना र संञ्चालनका लागि आवश्यक सिपयुक्त जनशक्तिको अभाव र प्रदान गरिएका सिपमूलक तालिमहरू आवश्यक सिपसँग तालमेल नहुनु।
- स्थानीय तह भित्रका रोजगारी सिर्जनासँग सम्बन्धित शाखाहरू बिच कार्यक्रम तय र कार्यान्वयनमा आवश्यक समन्वयको अभाव हुनु।
- उत्पादित कृषि तथा गैरकृषि मालसामानले उचित बजार र मुल्य नपाउनु।
- आयातित वस्तुहरूसँग स्थानीय उत्पादनले प्रतिस्पर्धा गर्न नसक्नु।
- उद्यम, व्यवसायहरूको उत्पादन वृद्धि गर्न र उत्पादन लागत कम गर्न आवश्यक आधुनिक प्रविधिहरूको उपयोग नहुनु।
- बैंकको कर्जामा सहज पहुँच नहुनु र सहुलियत व्याजदरमा कर्जा उपलब्ध नहुनु।
- वैदेशिक रोजगार ठगीमुक्त सुरक्षित र उपलब्धीमूलक नहुनु।
- वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको जाँगर, ज्ञान, सिप र पूँजी उपयुक्त उपयोग नहुनु।
- रोजगारी प्रवर्द्धनमा लैङ्गिक समानता र सामाजिक समावेशीता नहुनु।

स्थानीय तहभित्र रोजगारीको अवसर सिर्जना गरी उपलब्ध अवसरहरू लक्षित वर्गको पहुँच अभिवृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रमहरू संञ्चालन गरे पनि ति कार्यक्रमका परिणामले नागरिकका रोजगारी सुनिश्चित हुन सकेको छैंन। आन्तरिक रोजगार सिर्जनामा एकिकृत स्रोत साधन परिचालन, आन्तरिक रोजगारका अवसरमा वृद्धि, वैदेशिक रोजगारलाई सिपयुक्त, सुरक्षित र  उपलब्धिमूलक बनाउने, वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको जाँगर, ज्ञान, सिप र पूजीँको परिचालन लगायतका कार्यक्रमहरू तय गरी सफल कार्यान्वयन मार्फत नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउनु रणनीतिक सवाल रहेका छन्।

# खण्ड -५ : दुरदृष्टि, ध्येय र उद्देश्य

**१४. दुरदृष्टी**

गाउँपालिकाको जनशक्तिलाई मर्यादित श्रम र उत्पादनशील रोजगारमा संलग्न गराई आयआर्जन र जीविकोपार्जनमा सुधार गर्दै स्थानीय अर्थतन्त्रलाई गतिशील बनाई गरिबी न्यूनीकरण गर्ने।

**१५. ध्येय**

रोजगारका अवसरहरूको विस्तार गर्दै दक्ष, क्षमतावन एवं प्रतिस्पर्धी जनशक्ति उत्पादन मार्फत श्रम बजारको मागलाई पूर्ति गर्ने।

**१६. उद्देश्यहरू**

जनसाङ्खिक लाभको अधिकत्तम उपयोग गरि श्रम तथा रोजगारीको क्षेत्रलाई मर्यादित बनाउँदै स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धधन, सिप विकास गरी गाउँपालिकाको आर्थिक विकासका लागि निम्न लिखित उद्देश्यहरू लिइएका छन्।

१. स्थानीय स्तरमा उत्पादनशील र रोजगारीका अवसरहरूको विकास र विस्तार गर्ने।

२. श्रम र श्रमिकको सम्मान गर्ने संस्कारको विकास गर्ने।

३. गाउँपालिकामा दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने।

४. सरकारका तीनै तह, निजी क्षेत्र र गैर सरकारी संस्थाका विभिन्न निकायहरूले सञ्चालन गर्ने सिपमूलक तालिमहरूलाई एकिकृत गरी प्रभावकारी र गुणस्तरीय बनाउने।

५. गाउँपालिकामा रोजगारमैत्री निजी लगानी प्रोत्साहन गर्ने।

६. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउने।

७. वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको ज्ञान, सिप, अनुभव र पुजीँको उपयोग गरी रोजगारी तथा स्वरोजगार प्रवर्द्धन गर्ने।

८. दलित, मुस्लिम, सिमान्तकृत, एकल महिला लक्षित गरी उनिहरूमा उद्यमशीलता विकास गरी स्थानीय स्तरमामा नै रोजगार वा स्वरोजगार हुन सक्ने व्यवसायउन्मुख सिप प्रदान गरी प्रविधि सहयोग गर्ने।

९. स्वरोजार गतिविधि सञ्चालन गर्नका लागि स्थानीय स्तर भएका बैंक, वित्तीय संस्था र सहकारी संस्थाहरूबाट सहुलियत कर्जा उपलब्ध गराउन आवश्यक सहजिकरण गर्ने।

१०. श्रम बजारमा रहेको लैंङ्गिक विभेदको अन्त्य, समावेशी रोजगारको प्रवर्द्धन र श्रम शोषणको अन्त्य गरी श्रम क्षेत्रलाई मर्यादित र उपलब्धिमूलक बनाउने।

११. बालश्रम र बाध्यकारी श्रम उन्मूलनका लागि आवश्यक कार्यहरू गर्ने।

१२. श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषसँग आवद्धता गर्न र न्यूनत्तम पारिश्रमिकता व्यवस्थालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गर्ने।

# खण्ड -६ : रणनैतिक लक्ष्यहरू

**१७. रोजगार रणनीतिको रणनैतिक लक्ष्यहरू**

रोजगारीका विविध क्षेत्रहरूको पहिचान गरी ति क्षेत्रहरूमा रहेका रोजगारीका सम्भावना तथा अवसरहरुलाई सदुपयोग गर्दै एकिकृत र दिगो रोजगारी प्रवर्द्धन गर्न निम्न बमोजिम रणनैतिक लक्ष्यहरू निर्धारण गरिएका छन् ।

१. बेरोजगारी व्यक्तिको विवरण, रोजगारको अवसर, दक्ष जनशक्तिको विवरण लगायतका तथ्याङ्क संकलन र अध्यावधिक गर्ने ।

२. श्रमको अधिकत्तम उपयोग र श्रम संस्कारलाई मर्यादित बनाउने ।

३. बेरोजगार नागरिकहरूलाई न्यूनत्तम रोजगारीको प्रत्याभूति गर्ने

४. सिपयुक्त जनशक्तिको विकास र उनिहरूलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने ।

५. उपलब्ध स्रोत साधनहरू एकिकृत गरी रोजगारी वृद्धिमा केन्द्रित गर्ने ।

६. रोजगारीको माग र आपूर्तिको बिच तादम्यता कायम गर्ने ।

७. उत्पादनशील रोजगारीको अवसरहरूमा अभिवृद्धि ।

८. कृषिमा आधारित उद्यमहरूको प्रवर्द्धन गर्ने ।

